नेपाल सरकार

# नेपाल ट्रष्टको कार्यालय

कमलादी, काठमाडौं

मिति : २०८३ साउन २९ गते
नेपाल संवत् : ११४६

प सं :

च. नं. :

## सम्पत्तिको जानकारी उपलब्ध गराइदिने सम्बन्धी विज्ञप्ति

नेपाल ट्रष्ट ऐन २०६४ बमोजिम पूर्व राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको नेपाल भित्र वा नेपाल बाहिर रहेको सम्पत्तिको खोजतलास गर्ने, त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरण सहितको अभिलेख राख्ने कार्य यस कार्यालयबाट भइरहेको छ ।

सो अनुरुप पूर्व राजा वीरेन्द्र र निजको परिवारको नाममा रहेको वा निजहरुको हक, स्वामित्व वा भोगाधिकार कायम हुन सक्ने नेपाल भित्र वा बाहिर रहेको चल/अचल सम्पत्ति खोजबिन कार्य थप प्रभावकारी बनाउन श्री परराष्ट्र मन्त्रालय, श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, देश भरका भूमि प्रशासन कार्यालयहरु र सबै जिल्ला प्रशासन कार्यालयहरुलाई सम्पत्तिको खोजतलास गरी सम्बन्धित प्रमाण, कागजात, जग्गाधनी पूर्जा वा अन्य विवरण उपलब्ध गराउन आवश्यक सहयोग, समन्वय र सहजिकरण हुनका लागि अनुरोध गरिएको छ ।

साथै नेपाल ट्रष्टको सम्पत्ति खोजबिन सम्बन्धी सार्वजनिक सूचना गोरखापत्रमा प्रकाशन गरिएको तथा नेपाल ट्रष्टको कार्यालयको वेबसाइट www.nepaltrust.gov.np मा समेत प्रकाशन गरी उक्त वेबसाइटमा गुगल फर्म (Google Form) मार्फत सम्पत्तिको सूचनाको सार्वजनिक जानकारी सबैले दिन मिल्ने व्यवस्था मिलाइएको बेहोरा जानकारीको लागि अनुरोध छ ।

<u>जानकारी उपलब्ध गराउने माध्यम:-</u>

१. कार्यालयको ईमेल admin@nepaltrust.gov.np
२. कार्यालयको सम्पर्क नं. ०१-५३२०४५१ र ०१-५३२५४६५

<u>पुनश्च :</u> प्राप्त सूचनाका आधारमा सो सम्पत्ति नेपाल ट्रष्टको नाममा कायम हुन आएमा प्रचलित कानून बमोजिम सूचनादातालाई नेपाल ट्रष्ट नियमवाली, २०६४ को नियम ७ "क" बमोजिम पत्ता लागेको सम्पत्तिको पाँच प्रतिशत वा रु. दुई लाख मध्ये जुन कम हुन्छ सो बराबरको पुरस्कार समेत प्रदान गरिनेछ।

(रमेश बहादुर बस्नेत)
उपसचिव (प्रा.)
प्रवक्ता